जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए ढुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday @gmail.com

बर्ष १३ • अंक २३१ • २०८३ जेठ २८ गते बिहिवार • 11 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## नेपाल पत्रकार महासंघ महोत्तरीद्वारा जिल्ला प्रशासन कार्यालय महोत्तरी अगाडि विरोध धर्ना

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २७ जेठ**

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, पत्रकारका मागहरूको सम्बोधन तथा नागरिकको सूचना प्राप्तिको अधिकार सुनिश्चित गर्न माग गर्दै नेपाल पत्रकार महासंघ महोत्तरी शाखाले बुधबार जिल्ला प्रशासन कार्यालय महोत्तरी अगाडि विरोध धर्ना दिएको छ ।




नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यक्रम अन्तर्गत आयोजित धर्नामा सहभागी पत्रकारहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी संवैधानिक हकको रक्षा गर्न, सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी एवं स्वेच्छाचारी निर्णय खारेज गर्न तथा सञ्चारमाध्यम मैत्री वातावरण निर्माण गर्न सरकारसँग माग गरेका छन् । धर्नाका क्रममा सहभागीहरूले "मिडिया विरोधी सरकारी नीति खारेज गर", "प्रेस स्वतन्त्रता जिन्दावाद", "नेपाल पत्रकार महासंघका माग तत्काल सम्बोधन गर", "निर्वाध सूचना प्राप्तिको अधिकार सुनिश्चित गर" तथा "प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संवैधानिक हकको रक्षा गर" लगायतका नारा लगाएका थिए ।

धर्ना कार्यक्रममा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष महेश कुमार दास, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतो लगायत जिल्लाका विभिन्न सञ्चारमाध्यमका सञ्चालक, सम्पादक, पत्रकार तथा सञ्चारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष महेश कुमार दासले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत स्तम्भ भएको उल्लेख गर्दै संविधानले प्रत्याभूत गरेका अधिकारको संरक्षणमा कुनै पनि किसिमको हस्तक्षेप स्वीकार्य नहुने बताउनुभयो ।

उहाँले सूचना र विज्ञापनसम्बन्धी विभेदकारी तथा स्वेच्छाचारी निर्णयले स्वतन्त्र पत्रकारिता र आमनागरिकको सूचनाको हकमाथि प्रतिकूल प्रभाव पार्ने भएकाले यस्ता निर्णय तत्काल खारेज गर्न सरकारसँग आग्रह गर्नुभयो । त्यसैगरी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोले स्वतन्त्र प्रेस लोकतन्त्रको महत्वपूर्ण आधार भएको बताउँदै पत्रकारिता क्षेत्रलाई कमजोर बनाउने कुनै पनि नीति तथा निर्णयले नागरिकको सूचनाको अधिकारलाई समेत प्रभावित पार्ने धारणा व्यक्त गर्नुभयो । उहाँले पत्रकारहरूको पेशागत सुरक्षा, स्वतन्त्र रूपमा समाचार सम्प्रेषण गर्न पाउने वातावरण तथा सूचनामा सहज पहुँचको सुनिश्चितता गर्न राज्य गम्भीर हुनुपर्ने बताउनुभयो ।

महासंघले उठाएका मागहरू समयमै सम्बोधन गर्न सम्बन्धित निकायसँग उहाँले आग्रह गर्नुभयो । नेपाल पत्रकार महासंघ महोत्तरी शाखाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिकको सूचनाको हक नेपालको संविधानद्वारा सुनिश्चित मौलिक अधिकार भएकाले ती अधिकारको संरक्षण गर्न तथा सञ्चार क्षेत्रलाई असर पार्ने विभेदकारी र स्वेच्छाचारी निर्णयहरू तत्काल फिर्ता लिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

महासंघले लोकतान्त्रिक मूल्य, मान्यता र नागरिकको सूचनाको अधिकारको रक्षा गर्दै स्वतन्त्र, निष्पक्ष र उत्तरदायी पत्रकारिताको वातावरण निर्माणका लागि निरन्तर आवाज उठाइरहने जनाएको छ । धर्ना कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न भएको आयोजकले जनाएको छ ।

## जिल्ला हुलाक कार्यालय महोत्तरीद्वारा क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २७ जेठ**



परम्परागत सञ्चारमाध्यमका रूपमा परिचित हुलाक सेवाको प्रभावकारिता तथा सेवाग्राही मैत्री सेवा प्रवाहलाई थप सुदृढ बनाउने उद्देश्यले जिल्ला हुलाक कार्यालय महोत्तरीले क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ ।

जलेश्वरस्थित जिल्ला हुलाक कार्यालयको सभा हलमा सोमबार सम्पन्न कार्यक्रममा कार्यालयका कर्मचारी तथा सञ्चारकर्मीबीच हुलाक सेवाको वर्तमान अवस्था, सामना गर्नुपरेका चुनौती तथा सुधारका सम्भावनाबारे विस्तृत छलफल गरिएको थियो । कार्यालय प्रमुख रामचन्द्र साहको अध्यक्षतामा आयोजित कार्यक्रममा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, कार्यसम्पादनमा प्रभावकारिता तथा नागरिकको विश्वासलाई अझ सुदृढ बनाउने विषयमा विशेष जोड दिइएको थियो ।

कार्यक्रममा सहजीकरण गर्दै प्रशिक्षक राकेश चौधरीले सूचना तथा प्रविधिको तीव्र विकाससँगै सेवा प्रणालीमा आएको परिवर्तनअनुरूप हुलाक सेवाले पनि आफूलाई समयसापेक्ष ढङ्गले रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले सेवाग्राहीको अपेक्षा, संस्थागत उत्तरदायित्व तथा पारदर्शितालाई केन्द्रमा राखेर सेवा प्रवाह गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा सहभागी सञ्चारकर्मी तथा कर्मचारीहरूले हुलाक सेवालाई अझ प्रभावकारी, विश्वसनीय र सर्वसुलभ बनाउन सूचना प्रवाहलाई व्यापक बनाउनुका साथै जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने सुझाव दिएका थिए । सेवा प्रवाहमा आधुनिक प्रविधिको उपयोग, कर्मचारीको क्षमता अभिवृद्धि तथा नागरिकसँगको समन्वयलाई सुदृढ बनाउन सके हुलाक सेवाप्रति जनविश्वास थप बढ्ने सहभागीहरूको धारणा थियो । कार्यक्रममा हुलाक सेवाको परम्परागत महत्त्वलाई कायम राख्दै आधुनिक आवश्यकता अनुसार सेवा विस्तार र सुधारका प्रयासलाई निरन्तरता दिनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।







समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय..................

# राज्यद्वारा अवसरको समानता निर्माण

नेपालको वर्तमान आर्थिक संरचनालाई हेर्ने हो भने अझै पनि ठूलो जनसंख्या असुरक्षित आयमा निर्भर रहेको देखिन्छ। लाखौं युवा वैदेशिक रोजगारीमा रहेको छ । कृषि क्षेत्र संकटग्रस्त रहेको देखिन्छ । साना उद्यमहरू पुँजी अभावसँग जुधिरहेको देखिन्छ । श्रमिकहरूको सामाजिक सुरक्षा कमजोर रहेको देखिन्छ । यस्तो अवस्थामा यदि बजेटको केन्द्रमा केवल कर तिर्ने, उपभोग गर्ने र बजार चलाउने मध्यमवर्गलाई राखियो भने समाजका सबैभन्दा कमजोर वर्गहरू नीतिगत प्राथमिकताबाट बाहिर पर्ने खतरा रहेका छन । बाहिर पारिएका छन । मध्यमवर्ग आफैंमा स्वतन्त्र आर्थिक वर्ग होइन। यसको स्थायित्व उत्पादन, रोजगारी, श्रम बजार र सामाजिक सुरक्षासँग गाँसिएको हुन्छन। किसान कमजोर भयो भने बजार कमजोर हुन्छन। श्रमिकको क्रयशक्ति घट्यो भने उपभोग घट्छन। ग्रामीण अर्थतन्त्र खस्कियो भने सहरको अर्थतन्त्र पनि टिक्दैन ।

त्यसैले दिगो मध्यमवर्ग निर्माणको आधार व्यापक सामाजिक समृद्धि नै रहेको देखिन्छ। विश्व अनुभवले पनि यही देखाउँछन। आज विकसित भनिएका धेरै युरोपेली देशहरूमा बलियो मध्यमवर्गको निर्माण बजारको स्वतन्त्र खेलबाट मात्र भएको होइन । सार्वजनिक शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, श्रमिक अधिकार र प्रगतिशील कर प्रणाली मार्फत नै राज्यले अवसरको समानता निर्माण गरेको देखिन्छ ।

# प्रदेश सरकारले स्वास्थ्य चौकीको बजेट कटौती गर्दै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ जेठ**




मधेश प्रदेश सरकारले स्वास्थ्य चौकीमा दिइने बजेट कटौती गर्ने भएको छ । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले स्थानीय सरकार मातहत रहेका स्वास्थ्य चौकीहरुको बजेट आगामी आर्थिक वर्षदेखि कटौती गरेर जाने योजना रहेको जानकारी दिए ।

जनकपुरधाममा आयोजित तीन दिने न्युनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमको प्रदेश स्तरीय वार्षिक समीक्षा कार्यक्रमलाई बुधबार समापन गर्दै मन्त्री साहले प्रादेशिक अस्पतालको सेवा प्रवाह सहज र जनमुखि बनाउने कार्यलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा पनि स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर निर्माणमा करोडौ बजेट विनियोजन गरेको छ । स्वास्थ्य चौकी र बर्थिङ्ग सेन्टर निर्माण गरिएपनि त्यसको सेवा प्रवाह प्रभावकारी भएको छ/छैन भने प्रदेश सरकारले अनुगमन गरेको छैन्। बजेट लगानी भएपनि स्वामित्व ग्रहण गर्न नसकेकाले यस्ता निर्माण कार्यका लागि छुट्टयाइएको बजेट निरुत्साहित गरेर प्रादेशिक अस्पताललाई सुविधायुक्त बनाउने योजना ल्याउने तयारी रहेको मन्त्री साहले बताए। प्रदेश सरकार मातहतका कुनै पनि अस्पतालमा औषधी र उपकरणको अभाव हुन नदिने बताउँदै मन्त्री साहले यस्ता समस्या तत्काल समाधान गर्न प्रतिबद्ध रहेको बताए ।

सेवा प्रवाहमा के समस्या छ ? मेसु र अस्पताल व्यवस्थापन समितिका अध्यक्षलाई मन्त्री साहले प्रश्न तेर्स्याउदै भने- समस्या छ भने तत्काल जानकारी गराउनुस् । समाधानका लागि हरसम्भव प्रयास गर्छु । समस्या समाधानका लागि तत्काल आवश्यक बजेट उपलब्ध गराउँछु । तर सेवा प्रवाहमा समस्या आउन दिनु हुँदैन् ।

स्वास्थ्य निर्देशनालय सपहीका निर्देशक सरोजचन्द्र न्यौपानेले कार्य सम्पादनमा गंभीर भई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

न्युनतम सेवा मापदण्ड वार्षिक समीक्षाको तेश्रो तथा अन्तिम दिन अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रममा व्यवस्थापन समिति र मेडिकल सुप्रिटेण्डेन्ट बीच समन्वय र सहकार्य आवश्यक रहेको उनले बताए। एमएसएस फोकल पर्सन सुनिता गुप्ताले मधेश प्रदेशमा कार्य सम्पादनमा रौतहट जिल्लाको गौर अस्पताल शीर्षमा रहेको बताइन् । गौर अस्पतालले गत आर्थिक वर्षमा सेवा प्रवाहमा उत्कृष्ट गरेको बताउँदै उनले जनकपुरधामस्थित प्रादेशिक अस्पताल, गजेन्द्रनारायण सिंह अस्पताल, सप्तरी कार्य सम्पादन र सेवा प्रवाहमा तुल्नात्मक रुपमा कमजोर देखिएको छ । अभिमुखिकरण कार्यक्रममा सहभागी आठै जिल्लाका प्रादेशिक अस्पतालका मेसु, अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

प्रदेश सरकारले नै संचालनमा ल्याएको धनुषाको डुमरिया अस्पताल बजेट अभावमा एक्सरे, प्रयोगशाला लगायतको सेवा संचालनमा ल्याउन सकेको छैन् भने सप्तरीको भारदहमा संचालनमा रहेको अस्पतालको स्थानीय र प्रदेश सरकारले स्वामित्व ग्रहण नगरेकाले बन्द हुने अवस्थामा पुगेको एमएसएस फोकल पर्सन गुप्ताले जानकारी दिइन् ।

# मुसहर बस्तीका बालबालिकासहित १६ जना नेपालीलाई भारतको हरियाणा राज्यबाट उद्धार

**मो. इर्शाद**
**महोत्तरी, २७ जेठ**



रोजगारीका लागि भारत पुगेका महोत्तरीको बर्दिबास नगरपालिका-१४ स्थित मुसहर बस्तीका बालबालिकासहित १६ जना नेपालीलाई भारतको हरियाणा राज्यमा बन्धक बनाइएका अवस्थामा उद्धार गरिएको छ । उनीहरूलाई स्वदेश फर्काउने प्रक्रिया अघि बढाइएको छ।

आफन्त इण्डियाको सहकार्य, नयाँ दिल्लीस्थित नेपाली दूतावासको समन्वय तथा इलाका प्रहरी कार्यालय बर्दिबासको पहलमा उनीहरूको उद्धार गरिएको हो । इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरु प्रसाद तिमिल्सिनाका अनुसार श्रम शोषणमा परेका उनीहरूलाई उद्धार गरी नेपाल फर्काउने तयारी भइरहेको छ । उद्धार टोलीका सदस्य अशोक सदाका अनुसार भारतीय प्रहरीको सहयोगमा बन्धक बनाइएकाहरूलाई मुक्त गरिएको हो । काम गरेबापतको पारिश्रमिकसमेत प्रहरीको पहलमा उपलब्ध गराइएको उहाँले बताउनुभयो। पीडितहरूलाई डर, धम्की तथा यातना दिएर बन्धक बनाइएको बताइएको छ । उनीहरूले आफूमाथि भएको कुटपिट र यातनाका तस्बिर तथा भिडियो परिवारजनलाई पठाएपछि घटनाबारे जानकारी बाहिर आएको थियो । पीडितका आफन्तहरूले दोषीमाथि कानुनी कारबाही र उद्धारको माग गर्दै इलाका प्रहरी कार्यालय बर्दिबासमार्फत नेपाली दूतावासमा निवेदन दिएका थिए। वीरेन्द्र सदा, कारिचरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले आफ्ना छोराछोरी तथा श्रीमतीहरू बन्धक बनेको भन्दै उद्धारका लागि पहल गर्न अनुरोध गर्नुभएको थियो । प्रारम्भिक विवरणअनुसार उनीहरूलाई २७ मार्च २०२६ मा भारतको हरियाणा राज्यअन्तर्गत झज्जर जिल्लाको हेलन गाउँस्थित कुखुरा फार्ममा अन्डा सङ्कलन गर्ने काममा राम्रो आम्दानी हुने प्रलोभन देखाएर लगिएको थियो। तर त्यहाँ पुगेपछि उनीहरूलाई श्रम शोषण गर्दै बन्धक बनाइएको आरोप लागेको छ।

## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: पिछडेको साथी मिल्ने
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: मनमा पछुतो आउने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: मित्रतामा फाटो आउने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# कुनै पनि अमेरिकी हमलाको सशक्त जवाफ दिने इरानको चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ जेठ



अमेरिकी सैन्य कारबाहीको प्रतिक्रियास्वरूप इरानले आफूमाथि हुने कुनै पनि आक्रमण वा धम्कीको कडा र जवाफविहीन नराख्ने चेतावनी दिएको छ। इरानका विदेशमन्त्री अब्बास अराघचीले देशका सशस्त्र बल उच्चतम युद्ध तयारी अवस्थामा रहेको जनाउँदै अमेरिकालाई मध्यपूर्व क्षेत्र छाड्न आग्रह गरेका छन्।

विदेशमन्त्री अराघचीले सामाजिक सञ्जाल 'एक्स' (ट्विटर) मार्फत बुधवार प्रतिक्रिया दिँदै इरानका शक्तिशाली सशस्त्र बलले कुनै पनि हमला वा धम्कीलाई सहन नगर्ने स्पष्ट पारेका हुन्। उनले क्षेत्रलाई सुरक्षित राख्न चाहने हो भने विदेशी शक्तिहरूलाई मध्यपूर्व क्षेत्रबाट बाहिरिनसमेत चेतावनी दिएका छन्। यो चेतावनी अमेरिकी केन्द्रीय कमाण्ड (सेन्टकम) ले इरानका विभिन्न सैन्य लक्ष्यहरू विरुद्ध 'रक्षात्मक आक्रमण' गरेको घोषणा गरेपछि आएको हो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनमा गरिएको उक्त कारबाही अमेरिकी अपाचे हेलिकोप्टर खसालिएको घटनाको प्रतिक्रिया स्वरूप भएको अमेरिकी पक्षले जनाएको छ। अमेरिकी अधिकारीहरूका अनुसार हर्मुज जलमार्ग आसपास रहेका इरानका हवाई प्रतिरक्षा प्रणाली र रडार संरचनाहरूलाई लक्षित गरी यो आक्रमण गरिएको थियो। सेन्टकमले अमेरिकी समयअनुसार मङ्गलबार साँझ ५ बजे सुरु भएको सैन्य कारबाही बुधवार सम्पन्न भएको पुष्टि गरेको छ। यसअघि मङ्गलवार इरानी संसद्को राष्ट्रिय सुरक्षा तथा विदेश नीति समितिका प्रवक्ता इब्राहिम रेजाइले देशका सशस्त्र बललाई उच्चतम युद्ध तथा प्रतिरक्षा तयारी अवस्थामा राखिएको जानकारी दिएका थिए। उनले आवश्यक क्षतिहरूको मर्मतसमेत पूरा भइसकेको र कुनै पनि आक्रमणको उच्चस्तरीय जवाफ दिन सेना पूर्ण रूपमा तयार रहेको बताएका थिए।

# उन्नति र मेरियट बिजनेस काउन्सिलबीच नेपाली मौलिक उत्पादनलाई विश्व बजारमा प्रवर्द्धन गर्न सहमति पत्रमा हस्ताक्षर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ जेठ




उन्नति र मेरियट बिजनेस काउन्सिल, दक्षिण एसिया बीच नेपालको परम्परागत सीप, महिला उद्यमशीलता तथा स्थानीय स्तरमा उत्पादित ह्याण्डीक्राफ्टलाई अन्तर्राष्ट्रिय आतिथ्य बजारसँग जोड्ने उद्देश्यसहित रणनीतिक साझेदारीमा हस्ताक्षर भएको छ।

उन्नति चौधरी फाउन्डेसन अन्तर्गतको पहल हो जसले नेपाली परम्परागत सीप, महिला उद्यमशीलता र स्थानीय हस्त निर्मित उत्पादनलाई बजारसँग जोड्ने काम गर्दछ। यस सम्बन्धमा चौधरी फाउण्डेशनका अध्यक्ष निर्वाण चौधरी र मेरियट बिजनेस काउन्सिल, दक्षिण एसियाका तर्फबाट किरण एन्डीकोट बीच साझेदारीमा हस्ताक्षर भएको हो। हस्ताक्षर समारोहमा चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरी, मेरियट इन्टरनेशनलका अध्यक्ष डेभिड मेरियट लगायत दुवै संस्थाका वरिष्ठ प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। यस सहकार्यको उद्देश्य नेपाली हस्तकला, महिला उद्यमी तथा समुदायमा आधारित उत्पादक समूहहरूले उत्पादन गरेका नेपाली स्थानीय सामग्रीहरूलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्नु तथा ती उत्पादनहरूलाई मेरियट र यससँग आबद्ध होटेलहरूमा प्रदर्शन तथा प्रयोग गर्ने सम्भावनाको खोजी गर्नु हो।

# आगलागीबाट पाँच परिवारका घर जलेर नष्ट

जलेश्वरटुडे समाचारदाता
सप्तरी, २७ जेठ



सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-५ जोगिनिया टोलमा मङ्गलबार भएको आगलागीबाट पाँच परिवारका घर जलेर नष्ट भएका छन्। स्थानीय दुखु खंगको चारकोठे घरमा विद्युतीय तार सर्ट भई अचानक आगलागी भएको थियो। सुरुमा दुखु खंगको घरबाट फैलिएको आगो नजिकै रहेका छिमेकीका घरमा समेत सल्किँदा पाँच परिवारका घर तथा सम्पत्ति पूर्ण रूपमा जलेर नष्ट भएको हो।

आगलागीबाट ४३ लाख ९३ हजार पाँच रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) विजयकुमार कार्कीले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आगलागीबाट दुखु खंगको चारकोठे घर पूर्ण रूपमा जलेर नष्ट भएको छ। आगलागीमा दुई वटा बाखा र एक वटा गाई मरेका छन् भने तीन वटा गाई जलेर घाइते भएका छन्। लत्ताकपडा, अन्नपात, सुनचाँदीलगायतका सामग्री नष्ट हुँदा सात लाख ८० हजार रुपियाँ बराबरको क्षति भएको अनुमान गरिएको छ।

त्यसैगरी, सदमलाल खंगको घर पूर्ण रूपमा जलेर नष्ट हुँदा दुई वटा खसी मरेका छन्। लत्ताकपडा, अन्नपात तथा सुनचाँदीसमेत गरी ११ लाख रुपियाँ बराबरको क्षति भएको छ।

बच्चु खंगको घर तथा घरभित्र रहेका सामग्री जलेर नष्ट हुँदा ११ लाख ३६ हजार रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ। यस्तै, लखन खंगको बाँसको टाटी र टिनको छानो भएको दुईकोठे घर पूर्ण रूपमा जलेर नष्ट हुँदा आठ लाख ४८ हजार रुपियाँ बराबरको क्षति भएको छ।

# पूर्वपत्नी जेसियासँगको डिभोर्सबारे अर्जुन रामपालको भावुक खुलासा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ जेठ



बलिउडका चर्चित अभिनेता अर्जुन रामपालले मोडल मेहर जेसियासँग भएको आफ्नो सम्बन्धविच्छेद र त्यस क्रममा भोग्नुपरेको मानसिक तथा पारिवारिक सङ्कटका बारेमा पहिलो पटक खुला रूपमा कुराकानी गरेका छन्।

युट्युब शो 'क्यान्सिल्ड टु क्राउन' मा अन्तर्वार्ता दिँदै अर्जुनले मेहरसँग अलग हुनुपर्दाको समय आफ्नो जिन्दगीकै सबैभन्दा कठिन र एक्लोपनले भरिएको कालखण्ड भएको बताएका हुन्। अन्तर्वार्ताका क्रममा आफ्ना पुराना दिनहरू सम्झिँदै अर्जुनले आफूभित्रको छटपटी र दुःख पोखेका छन्। एकतर्फ उनको दुई दशक लामो वैवाहिक सम्बन्ध टुट्दै थियो भने अर्कातर्फ उनकी आमा क्यान्सरसँग जीवन र मरणको लडाइँ लडिरहेकी थिइन्।

# नेपाली महिला क्रिकेट टोली एसिया कपमा पनि छनोट हुन असफल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ जेठ




नेपाली महिला क्रिकेट टोली एसिया कपमा पनि छनोट हुन असफल भएको छ।

केही दिनअघि एसियन गेम्स छनोटमा पनि असफल भएको महिला टोली एसिया कपमा पनि छनोट हुन सकेन। मलेसियामा जारी एसीसी महिला प्रिमियर कपको क्वाटरफाइनलमा थाइल्यान्डसँग पराजित भएसँगै नेपाल एसिया कपमा छनोट हुन असफल भएको हो। बुधबार बिहान भएको क्वाटरफाइनलमा नेपाल थाइल्यान्डसँग ५६ रनले पराजित भयो। थाइल्यान्डले प्रस्तुत गरेको १३१ रनको लक्ष्य पछ्याएको नेपालले पूरा २० ओभरमा ७ विकेट गुमाएर ७४ रन मात्र बनाउन सक्यो। नेपालका लागि रुबिना क्षेत्रीले सर्वाधिक अविजित २० रन बनाइन्। सोनी पाखिनले १५, सीता रानामगरले १२ तथा सम्झना खड्काले ११ रन बनाइन्। अन्य ब्याटरले दोहोरो अंक छुन सकेनन्। थाइल्यान्डका लागि थिपात्चा पुथावङले ४ ओभरमा ७ रन मात्र दिएर २ विकेट लिइन्।

# पशुपति क्षेत्रलाई सदाचार, पारदर्शिता र आध्यात्मिक केन्द्रका रूपमा विकास गर्नुपर्ने पीठाधीश मुकुन्द शर्मा हुमागाईको जोड

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ जेठ



कालाग्निरुद्रपीठ लड्केश्वर धामका पीठाधीश मुकुन्द शर्मा हुमागाईले पशुपति क्षेत्र विकास कोषको नेतृत्व सक्षम, सदाचारी तथा राष्ट्रसेवाको भावनाले प्रेरित व्यक्तिलाई दिन नेपाल सरकारसँग औपचारिक आग्रह गरेका छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सम्बोधन गर्दै उनले पशुपति क्षेत्रलाई केवल धार्मिक केन्द्र मात्र नभई राष्ट्रिय सदाचार, पारदर्शिता र आध्यात्मिक चेतनाको केन्द्रका रूपमा विकास गर्नुपर्ने धारणा राखेका हुन्। उनले विगतमा पशुपति क्षेत्र विकास कोषमा भ्रष्टाचारका विभिन्न काण्डहरू सार्वजनिक भएको उल्लेख गर्दै यस्तो पवित्र धार्मिक संस्थालाई राजनीतिक हस्तक्षेप र अनियमितताबाट मुक्त राख्नुपर्ने आवश्यकता औंल्याएका छन्।

उनका अनुसार पशुपतिनाथ सम्पूर्ण हिन्दू समाजको आस्थाको केन्द्र भएकाले यसको व्यवस्थापन शुद्ध, पारदर्शी र उत्तरदायी हुन अनिवार्य छ। हुमागाईले आफूले कोषको सदस्य-सचिव पदका लागि आवेदन समेत दिएको जानकारी दिँदै योग्य अवसर पाए पशुपति क्षेत्रलाई भ्रष्टाचारमुक्त, व्यवस्थित र आत्मनिर्भर संस्थाका रूपमा रूपान्तरण गर्ने दाबी गरेका छन्।

उनका अनुसार कोषबाट प्राप्त हुने सम्पूर्ण भेटी तथा शिवस्व रकम धार्मिक, सामाजिक तथा परोपकारी कार्यमा मात्र खर्च गरिनेछ र कुनै पनि प्रकारको तलब, भत्ता वा सरकारी सुविधा नलिने प्रतिबद्धता रहनेछ। त्यस्तै, उनले पशुपति क्षेत्रभित्रका सम्पूर्ण मन्दिर, पीठ तथा देवस्थलहरूमा नियमित पूजा व्यवस्था, अभिषेक, पर्वपूजा तथा नित्य अनुष्ठानलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने योजना प्रस्तुत गरेका छन्। साथै, पूजा सामग्रीको शुद्धता, बागमती जलको पवित्रता, तथा दर्शन व्यवस्थालाई थप सहज र भेदभावरहित बनाइने उनले बताएका छन्। आर्थिक सुधारतर्फ कोषलाई आत्मनिर्भर बनाउने, भेटी तथा दानलाई पूर्ण पारदर्शी बनाउने, भ्रष्टाचार नियन्त्रणका कडा नीति लागू गर्ने तथा सम्पत्तिको व्यवस्थित उपयोग गर्ने योजना समेत उनले अघि सारेका छन्। भौतिक पूर्वाधारतर्फ भग्न अवस्थामा रहेका मन्दिर, धर्मशाला, पाटी र सत्तलहरूको पुनर्निर्माण तथा संरक्षण, साथै बन्द अवस्थामा रहेका संरचनाहरू पुनः सञ्चालन गर्ने लक्ष्य उनले राखेका छन्। धार्मिक पर्यटन प्रवर्द्धनका लागि विश्वभरका हिन्दू समुदायलाई पशुपतिनाथसँग जोड्ने, अनलाइन पूजा सेवा सञ्चालन गर्ने तथा अन्तर्राष्ट्रिय समन्वय समितिहरू गठन गर्ने योजना पनि प्रस्तुत गरिएको छ।

अन्त्यमा उनले यदि सक्षम र योग्य नेतृत्व नपाइए आफूलाई जिम्मेवारी दिन आग्रह गर्दै आफ्नो सम्पूर्ण संकल्प र प्रतिबद्धता पुनः दोहोर्‍याएका छन्।

# २५ वर्षपछि जन्मगाउँ पुग्दा मैले जे देखें




-पच्चीस वर्षपछि म आफ्नो जन्मगाउँ फर्किएँ। समयको यो अन्तराल आफैंमा एउटा पुस्तान्तरण जस्तै रहेछ। फरक यति थियो कि यसपटक म मोटर चढेर गाउँ पुगें, जबकि बाल्यकालमा यही बाटो घण्टौं पैदल हिंडेर पार गर्नुपर्थ्यो । गाउँ पुग्नासाथ महसुस भयो- समयले केवल मानिसहरूलाई मात्र होइन; भूदृश्य, घर, संस्कृति र प्रकृतिसँगको सम्बन्धलाई समेत बदलिसकेको रहेछ। मेरो जन्मघर तीनतले थियो, ढुङ्गाले छाएको । घरको संरचना केवल बसोबासको स्थान मात्र नभई कृषि-पशुपालनमा आधारित ग्रामीण जीवनशैलीको प्रतिबिम्ब थियो ।

माथिल्लो तलामा अन्न भण्डारण हुन्थ्यो, भुइँतलामा अँगेना, गोठ र दैनिक जीवनका गतिविधि सञ्चालन हुन्थे। र त्यही घर उभिएको त छ, तर यसको स्वरूप फेरिएको छ। गोबर-माटोले लिपिएका भित्ताहरू सिमेन्टले ढाकिएका छन्, खर र ढुङ्गाको छानोको ठाउँ टिनले लिएको छ र पुराना भण्डारण कक्षहरू शयनकक्षमा परिणत भएका छन् । यी परिवर्तनहरूले जीवन सहज बनाएका छन्, विशेषगरी महिलाहरूको श्रम घटाएको छ; तर सँगै परम्परागत निर्माणकला र स्थानीय जीवनशैलीका केही आयाम हराउँदै गएका छन् ।

घर राष्ट्रिय विद्युत् प्रसारण लाइनसँग जोडिएको रहेछ। मोबाइल नेटवर्क, इन्टरनेट, घरमै खानेपानी र सडकको सुविधा पुगेको छ । विगतमा सामान्य स्वास्थ्य सेवा पाउन पनि दुई दिन पैदल हिंड्नुपर्ने अवस्था थियो भने र एम्बुलेन्स बोलाउन सकिन्छ। यस्तो परिवर्तन देख्दा आफ्ना हजुरबुवा-हजुरआमाको सम्झना आयो। मेरी हजुरआमाले जीवनभर धुवाँले भरिएको अँगेनामा खाना पकाउनुभयो, जबकि हजुरबुवा हृदयघातका कारण बित्नुभयो। रका स्वास्थ्य सेवा र स्वच्छ ऊर्जा सुविधा त्यतिबेला उपलब्ध भएका भए उनीहरूको जीवन फरक हुन सक्थ्यो कि भन्ने प्रश्न मनमा उठ्यो । तर विकासका यी सकारात्मक सङ्केतहरू बीच केही विरोधाभासहरू पनि देखिए ।

घरमै खानेपानी पुगेको छ, तर गाउँका पुराना पँधेरा र खोल्साहरू सुकेका छन्। वनस्पति आवरण बढेको जस्तो देखिए पनि पानीका मुहानहरू किन सुक्दैछन् ? के वन विस्तार मात्र पर्याप्त छ वा पानीको संरक्षणका लागि घाँसेमैदान, चरन क्षेत्र, सिमसार र स्थानीय वनस्पति समुदायहरूको पनि उत्तिकै महत्त्व हुन्छ ? यस्ता प्रश्नहरूले गाउँको बदलिंदो पारिस्थितिक अवस्थाबारे गम्भीर रूपमा सोच्न बाध्य बनायो । गाउँको कृषि-पशुपालन प्रणालीमा आएको परिवर्तन अझ गहिरो थियो । एक समय कृषि, वन र पशुधन बीचको घनिष्ठ सम्बन्धले ग्रामीण अर्थतन्त्रलाई आत्मनिर्भर बनाएको थियो। गोठबाट मल आउँथ्यो, खेतमा प्रयोग हुन्थ्यो। खेतका पराल र घाँस पशुलाई खुवाइन्थ्यो र वनबाट दाउरा तथा सोत्तर प्राप्त हुन्थ्यो। र गोठहरू रित्तिएका छन्, पशुधन घटेको छ र धेरै खेतबारी बाँझिएका छन्। पशुपालन कमजोर भएसँगै जैविक मलको उत्पादन घटेको छ र परम्परागत कृषि प्रणाली पनि कमजोर बन्दै गएको छ । खाद्य प्रणालीमा आएको परिवर्तन झन् उल्लेखनीय थियो । मेरो बाल्यकालमा गाउँ धेरै हदसम्म आत्मनिर्भर थियो। मकै, कोदो, धान, आलु, तरकारी तथा विभिन्न स्थानीय बालीहरू गाउँमै उत्पादन हुन्थे। वनबाट कन्दमूल, च्याउ र जङ्गली फलफूल प्राप्त हुन्थे। दूध, घिउ, मासु र दाउराको अभाव थिएन। बाहिरबाट मुख्यतः नुन, मट्टीतेल र कपडा मात्र किनिन्थ्यो। र भने चामल, दाल, तेल, एलपी ग्यास, पशुचारा र दैनिक उपभोगका अधिकांश वस्तु बजारबाट आउँछन् । गाउँ पहिलेभन्दा सुविधासम्पन्न देखिए पनि जीविकोपार्जनका आधारभूत आवश्यकतामा बाह्य बजारमाथिको निर्भरता उल्लेखनीय रूपमा बढेको छ । २५ वर्षअघि गाउँलेहरूले मुख्यतः नुन, मट्टीतेल र कपडा मात्र बाहिरबाट ल्याउँथे; र खाद्यान्नदेखि इन्धनसम्मका अधिकांश आवश्यक वस्तुहरू बजारबाट आउँछन् ।

विकासका धेरै सङ्केतहरू देखिए- बिजुली, सडक, सञ्चार, ग्यास, खानेपानी र स्वास्थ्य सेवाको पहुँच। तर सँगै केही पानीका स्रोत, केही चरन क्षेत्र, केही चौतारा, केही लोकभाका, केही सामुदायिक अभ्यास र केही स्थानीय ज्ञान प्रणालीहरू हराउँदै गएको पनि देखियो । अर्को दिन गाउँ वरिपरि घुम्दा धेरै खेतबारी बाँझै देखिए। पुराना गोरेटाहरू झाडी र वनमाराले ढाकिएका थिए। एक समय पशु चराइने चौर र खरबारीहरू अहिले झाडीमा परिणत भएका छन्। पहिलो नजरमा यो हरियाली उत्साहजनक देखिए पनि एउटा प्रश्न उठ्छ- के हरियाली बढ्नु मात्र पारिस्थितिक स्वास्थ्यको सूचक हो ? यदि चरनभूमि, घाँसेमैदान र खुला क्षेत्रहरू सबै झाडीले ढाकिए भने जैविक विविधताको अवस्था वास्तवमै सुधारिएको मान्न सकिन्छ त ? गाउँ वरिपरि वनस्पति आवरण बढेको देखिए पनि त्यो विस्तार मुख्यतः वनमारा जस्ता मिचाहा प्रजातिहरूको प्रभुत्व जस्तो लाग्यो। यसलाई केवल जलवायु परिवर्तनको परिणाम भन्नुभन्दा पनि परम्परागत कृषि-पशुपालन प्रणालीको क्षयसँग जोडेर हेर्न आवश्यक छ । चरन प्रणालीको लोपसँगै खुला भूदृश्यहरू हराएका छन् र घाँसेमैदानमा निर्भर धेरै वनस्पति तथा जीवजन्तुका वासस्थानहरू परिवर्तन भएका छन्। स्थानीयहरूले बाँदर, बँदेल, चितुवा र भालुको गतिविधि बढेको बताए। यसले कृषि उत्पादनमा क्षति र मानव-वन्यजन्तु द्वन्द्व बढाएको छ। यहाँ एउटा जटिल प्रश्न उठ्छ– वन्यजन्तुको सङ्ख्या किन बढिरहेको छ ? के यो संरक्षणको सफलताको परिणाम हो ? वा परम्परागत सिकार, स्थानीय नियन्त्रण प्रणाली र जनसङ्ख्या व्यवस्थापनका अभ्यासहरू हराउँदै जाँदा मानिस र वन्यजन्तु बीचको सन्तुलनमा परिवर्तन आएको हो ? संरक्षणको मूल्याङ्कन केवल जनावरको सङ्ख्या बढेको आधारमा गर्न मिल्छ कि मानव-प्रकृति सहअस्तित्वको आधारमा पनि गर्नुपर्छ ? प्राकृतिक र सांस्कृतिक सम्पदाहरूमा पनि उल्लेखनीय रूपान्तरण देखियो । केही प्राकृतिक पोखरीहरू सिमेन्टले घेरिएका छन्, तर पानीको सतह घटेको छ । यात्रुहरूको विश्रामस्थलका रूपमा रहेका लाँकुरीका रूखमुनिका चौताराहरू धेरैजसो मोटरबाटो र नयाँ संरचनाले विस्थापित गरेका छन्। विकासले सुविधा दिएको छ, तर सांस्कृतिक भूदृश्यका केही अमूल्य प्रतीकहरू हराउँदै गएका छन् । लोकसंस्कृतिमा आएको परिवर्तन पनि गहिरो छ। एक समय अर्मपर्म र सामूहिक श्रम आदानप्रदान ग्रामीण समाजका आधार थिए । रोपाइँ गर्ने, धान काट्ने, घर छाउने वा गोठ बनाउने काम सामूहिक रूपमा सम्पन्न हुन्थे ।

सोरठी, सालैजो, मारुनी र भैलोका गीतहरू गाउँभरि गुञ्जन्थे । र मोबाइल फोन र सामाजिक सञ्जाल गाउँसम्म पुगेका छन्, तर सामूहिक रूपमा गाइने लोकभाकाहरू क्रमशः मौन हुँदै गएका छन् । ऊर्जा प्रयोगमा आएको परिवर्तनले महिलाहरूको श्रम बचाएको छ। दाउराको ठाउँ एलपी ग्यासले लिएको छ, धुवाँ घटेको छ र स्वास्थ्यमा सकारात्मक प्रभाव परेको छ। तर दाउराको माग घटेसँगै वनसँग मानिसको दैनिक सम्बन्ध पनि कमजोर भएको देखिन्छ। जब मानिसको जीविकोपार्जन वनसँग प्रत्यक्ष रूपमा जोडिंदैन, तब वनप्रतिको जिम्मेवारी र सम्बन्धको स्वरूप पनि बदलिन्छ । गाउँका अधिकांश बासिन्दा मगर र विश्वकर्मा समुदायका हुन्। एक समय ब्रिटिश र भारतीय सेनामा भर्ती हुने परम्पराले यहाँको अर्थतन्त्रलाई धानेको थियो । र त्यसको स्थान खाडी मुलुक, युरोप, अमेरिका र अन्य विकसित देशहरूमा हुने वैदेशिक रोजगारीले लिएको छ । साथै धेरै परिवार तराई, शहर र विदेशतिर बसाइँ सरेका छन् । गाउँमा मुख्यतः वृद्धवृद्धा मात्र स्थायी रूपमा बसिरहेका छन् । धेरै घरहरू वर्षको अधिकांश समय बन्द रहने र चाडपर्वमा मात्र खुल्ने अवस्था छ । तर सबै कुरा हराएका भने छैनन्। मैले लटरम्म पहेंलिएका ऐंसेलु खाएँ, चराहरूको आवाज सुनें र केही पुराना रूखहरू अझै उभिएका देखें ।

**साभार : अनलाइन खबर ।**

# रामपाद्वारा नीति, व्यवहार र परिणामका आधारमा मूल्याङ्कन गर्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ जेठ**



राजेन्द्र महतो अध्यक्ष रहेको राष्ट्रिय मुक्ति पार्टी नेपालले वर्तमान सरकारको अन्ध समर्थन वा अन्ध विरोध नगरी नीति, व्यवहार र परिणामका आधारमा मूल्याङ्कन गर्ने स्पष्ट पारेको छ । महतोको अध्यक्षतामा असार २२ गतेदेखि चार दिनसम्म चलेको पार्टीको कार्यकारिणी समितिको बैठकका निर्णयहरू सार्वजनिक गर्दै पार्टीले सरकारका सकारात्मक प्रयासहरूको स्वागत र जनविरोधी कदमहरूको आलोचना गरेको हो । पार्टीले वर्तमान सरकारमा प्रशासनिक सुधारप्रतिको प्रतिबद्धता, भ्रष्टाचार नियन्त्रणको सार्वजनिक अडान, पुरानो शक्ति संरचनालाई चुनौती दिंदै युवापुस्तामा आशा जगाउने काम गरेको ठहर पार्टीले गरेको छ। तर, सरकारको कार्यशैली निरकुंश बन्दै गएको उक्त आरोप लगाएको छ। परम्परा मिच्ने नाममा नियम एवं विधिको छिद्र वा अपवादको प्रयोग गरेर लोकतान्त्रिक मूल्य मान्यता उपर प्रश्न चिन्ह खडा गरिएको बैठकको निष्कर्ष निकालेको राष्ट्रिय मुक्ति पार्टी नेपालले जनाएको छ ।









प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday